कार्यपालिका बैठक संख्या :- ५८
बैठक मिति :- २०७६।०४।१२

## निर्णय नं. १

यस इटहरी उपमहानगरपालिका क्षेत्र भित्र भएको धनजनको क्षति तथा विपद् सम्बन्धमा स्थलगत अध्ययन गरी क्षतिको लगत स्टीमेट तयार पारी तत्काल राहतका लागि सिफारीस तथा राहत वितरण सम्बन्धमा देहाय बमोजिमको समिति गठन गर्ने र सो समितिले सिफारीस गरे बमोजिमका योजना र कार्यक्रम बजेट आ.ब. ०७६।०७७ को विपद् व्यवस्थापन शिर्षक नं. २७२१२ बाट खर्च गर्ने गरी योजना संचालन तथा कार्यान्वयन गर्ने निर्णय गरियो ।

### तपसिल

१. संयोजक :- नगर प्रमुख श्री द्वारिकलाल चौधरी
२. सदस्य :- उप प्रमुख श्री लक्ष्मी गौतम
३. सदस्य :- प्रमुख प्रशासकीय अधिकृत श्री केशव प्रसाद विमली
४. सदस्य :- वडाध्यक्ष श्री बालकृष्ण बिष्ट
५. सदस्य :- वडाध्यक्ष श्री चन्द्र प्रसाद भट्टराई
६. सदस्य :- वडाध्यक्ष श्री भुपेन्द्र बराल
७. सदस्य :- वडाध्यक्ष श्री प्रकाश चौधरी
८. सदस्य :- वडाध्यक्ष श्री रमेश प्रसाद चौधरी
९. सदस्य :- कार्यपालिका सदस्य श्री गंगा कुमारी गुरुङ्ग
१०. सदस्य :- उप सचिव श्री नवराज नेपाल
११. सदस्य :- इन्जिनियर श्री महेश धिताल
१२. सदस्य :- इन्जिनियर श्री भविन्द्र चौधरी
१३. सदस्य सचिव :- श्री पुष्पनारायण चौधरी

## निर्णय नं. २

मिति २०७५।०९।०१ गते लोचन कुमारी संग्रौलाको नाममा इटहरी उपमहानगरपालिका वडा नं. ३/ङ को कित्ता नं. ५५९ को ज.वि. ०-०-६ जग्गामा नक्सा अभिलेखिकरणको लागि दर्ता भई नक्सा अभिलेखिकरण सम्बन्धी सम्पूर्ण प्रक्रिया पुरा गरी २०७६।०२।१२ गते अभिलेखिकरणको प्रमाण पत्र समेत लिई सकेकोमा मिति २०७४।०६।२७ गते नै मालपोत कार्यालय इनरुवाको रजिष्ट्रेशन नं. २७११ ख बाट घर उल्लेख नभई यज्ञ प्रसाद गौतम र कविता गौतमको नाममा लोचन कुमारी संग्रौलाले ज़ग्गा पास गरि दिएकोमा निज लोचन कुमारी संग्रौलाले आफ्नो नाममा सो नक्सा अभिलेखिकरण दर्ताको समयमा पूर्जा नभएता पनि पुरानै आफ्नो नामको पूर्जा राखी आफ्नो नामबाट नक्सा अभिलेखिकरण प्रमाण पत्र लिएकोमा सो लोचन कुमारी संग्रौलाको नामको अभिलेखिकरण प्रमाण पत्रलाई खारेज गरी उक्त नक्सा अभिलेखिकरणको दर्ताको समयमा भएको जग्गा धनी यज्ञ प्रसाद गौतम र कविता गौतमको संयुक्त नाममा लोचन कुमारी संग्रौलाको नामबाट भएको नक्सा अभिलेखिकरणको प्रक्रियालाई नै आधार मानि नक्सा अभिलेखिकरणको प्रमाण पत्र जारी गरि दिने निर्णय गरियो।

नवराज नेपाल
उपसचिव (लेखा)

## निर्णय नं. ३

जनता बहुमुखी क्याम्पस, क्याम्पस व्यवस्थापन समिति निर्वाचन, २०७६ इटहरी सुनसरीको मिति २०७६।०४।०५ को प्राप्त पत्रानुसार मिति २०७६।०४।१४ गते हुने जनता बहुमुखी क्याम्पस इटहरीको क्याम्पस व्यवस्थापन समितिको निर्वाचनका लागि यस कार्यालयको तर्फबाट प्रतिनिधिको रुपमा कार्यपालिका सदस्य श्री गौरीमान परियारलाई पठाउने निर्णय गरियो ।

## निर्णय नं. ४

इटहरी उपमहानगरपालिकाको क्षेत्र भएर बग्ने बुढी र सेहरा खोलाको खोलाजन्य पदार्थहरु उत्खनन् तथा संकलन गर्नको लागि जिल्ला समन्वय समिति सुनसरीबाट आर्थिक बर्ष २०७५।०७६ र २०७६।०७७ दुई बर्षका लागि स्वीकृत गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन (IEE) स्वीकृत भई आ.ब. ०७६।०७७ का लागि बुढीखोला र सेहरा खोला नाकाको मिक्सगिट्टी मध्ये कार्यालय प्रयोजनका लागि ३० हजार घ.मि. छुट्याई बाँकी मिक्सगिट्टी, बालुवा, भरौट माटो खोला जन्य पदार्थको उत्खनन् संकलन गर्न प्रदेश सरकारको आर्थिक ऐन २०७६ बमोजिम दर रेट अनुसार संकलन तथा उत्खनन् गर्ने गरी गत आ.ब. ०७५।०७६ मा साविक बमोजिम लागेको ठेक्का मु.अ.कर बाहेक रु.१,५५,५५,५५५। (एक करोड पचपन्न लाख पचपन्न हजार पाँच सय पचपन्न मात्र) लाई चालु आ.ब.का लागि न्यूनतम ठेक्का अंक कायम गरी ठेक्का प्रकृया अगाडी बढाउन, स्वीकृती दिने निर्णय गरियो ।

नवराज नेपाल
उपसचिव (लेखा)